( चौंथो बैठक)

आज मिति २०८० असोज १७ गतेका दिन यस भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री पासाङ नुर्पु शेर्पा ज्यूको अध्यक्षता तथा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका विषयमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

१. अध्यक्ष : श्री पासाङ नुर्पु शेर्पा
२. सदस्य : श्री दिछेन शेर्पा
३. सदस्य : श्री साङवु लामा
४. सदस्य : श्री कुमार श्रेष्ठ
५. सदस्य : श्री निमा सोना शेर्पा
६. सदस्य : श्री टासी शर्पा
७. सदस्य : श्री दावा त्यम्वा तामाङ
८. सदस्य : श्री आङ छिरिङ शेर्पा
९. सदस्य : श्री वच्चु धतानी
१०. सदस्य : श्री जमुना थामी
११. सदस्य : श्री पम्फा वि.क.
१२. सदस्य : श्री रुपा रिमाल लाम्गाते
१३. सदस्य : श्री निमि शेर्पा
१४. सदस्य सचिव : श्री बीर बहादुर बस्नेत (प्र.प्र.अ)

आमन्त्रित/सहयोगी कर्मचारीहरु :

- श्री नवराज खत्री (शाखा अधिकृत)
- श्री विनोद कुमार श्रेष्ठ (वि.नि)
- श्री गंगाराम पौडेल (सु.प्र.अ)
- श्री भवानी प्रसाद मिश्र
- श्री सुरेन्द्र लाल श्रेष्ठ (स्वास्थ्य शाखा)

भोटेकोशी गाउँपालिका
फुल्पिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७२

प्रस्तावहरु :

१. उपभोक्ता समिति अनुशिक्षण सम्बन्धमा,

२. योजना सम्झौता सम्बन्धमा,

३. उपभोक्ता समितिबाट भ्याट वील पेश नहुने ढुङ्गा, गिटी तथा वालुवाको कर सम्वन्धमा

४. मिडियाहवको वृत चित्र बनाउने प्रस्ताव सम्बन्धमा

५. मृगौला रोगिलाई आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा,

६. पोषण कार्यक्रमको सोधभर्ना सम्बन्धमा,

७. उद्यम विकास सहजकर्ताको नपुग तलब सम्बन्धमा

८. शिक्षण सिकाइ अनुदान सम्बन्धमा,

९. तेस्रो भोटेकोशी फुटवल प्रतियोगिता संचालन सम्बन्धमा,

१०. इलाका प्रहरी कार्यालयको सवारी साधन मर्मत सम्बन्धमा

११. करारका कर्मचारीको म्याद थप सम्बन्धमा,

१२. लालविर चोक आश्रय स्थलममा माटो भर्ने सम्वन्धमा,

१३. विविध सम्बन्धमा ।

निर्णयहरु :

१. यस भोटेकोशी गाउँपालिकामा आ.ब. २०८०/०८१ मा छनौट भएका योजना/आयोजना तथा कार्यक्रमहरु संचालन गर्न मिति २०८० कार्तिक मशान्त सम्म उपभोक्ता समितिहरु गठन गरी २०८० मंशिर १५ सम्म अनुशिक्षण/प्रशिक्षण कार्यक्रम सम्पन्न गर्ने निर्णय गरियो ।

२. आ.ब. २०८०/०८१ मा छनौट भएका सम्पूर्ण योजना/आयोजनाहरु संचालनको लागि मिति २०८० मंशिर मसान्त भित्र योजना सम्झौताको कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

३. यस गाउँपालिकामा आ.ब. २०८०/०८१ मा संचालन हुने योजना/आयोजना/ कार्यक्रमहरु संचालन गर्न उपभोक्ता समितिहरुबाट भ्याट विल पेश नहुने गिटी, ढुङ्गा तथा वालुवाको कर सम्बन्धमा गत आ.ब. २०७९/०८० मा निर्णय भई लागु भएको कर दर लागु गरी सोहि वमोजिम नै कर संकलन गर्ने निर्णय गरियो ।

पासाङ नुर्बु शेर्पा
अध्यक्ष

४. यस भोटेकोशि गाउँपालिकामा मिडियमा हवको वृत चित्र बनाउने प्रस्तावनाको लागि पर्यटन प्रवर्धन सम्बन्धी शीर्षकमा विनियोजित रकम मध्येबाट रु २ लाख विनियोजन गर्ने निर्णय गरियो ।

५. यस भोटेकोशी गाउँपालिका वडा नं. २ निवासि दुवै मृगौला रोगी श्री ज्ञान वहादुर श्रेष्ठलाई मृगौला डायलिसिस (Dialysis) को उपचारको लागि स्वास्थ्य शाखा तर्फ आपतकालिन स्वास्थ्य उपचारकोषमा विनियोजित रकम मध्येबाट रु १ लाख आर्थिक सहायत प्रदान गर्ने निर्णय गरियो ।

६. यस गाउँपालिकामा कार्यरत पोषण सहजकर्ताको तलव भत्ता निकासा नभएकोले गाउँपालिकाको आन्तरिक स्रोतबाट तलव भत्ता भुक्तानी गरी पछी स्रोतभर्ना गर्ने निर्णय गरियो ।

७. यस भोटेकोशी गाउँपालिकामा कार्यरत २ जना उद्यम विकास सहजकर्ता कर्मचारीहको लागि अपुग तलव/भत्ता बापतको रकम गाउँपालिकाको आन्तरिक श्रोतबाट भुक्तानी दिने निर्णय गरियो ।

८. आ.ब. २०८०/०८१ अन्तर्गत विषयगत शिक्षा शाखाको क्र.स. १ शिक्षक अनुदान (मा.वि., आ.वि., बा.बि.के तथा का.स) शीर्षकमा विनियोजित रकमबाट तपसिल बमोजिम शिक्षण सिकाई अनुदान दिने निर्णय गरियो ।

तपसिल :

| क्र.स. | विद्यालयको नाम | तह | अनुदान रकम |
|---|---|---|---|
| १ | श्री थापिनारायण मा.वि | नि.मा.वि.स्तर | ३ लाख ५० हजार |
| २ | श्री नारायण आ.वि | स.का. स्तर | १लाख ५० हजार |

९. वि.स. २०८० को दशै पर्वको अवसरमा सुनखानी युवा क्लवको आयोजनामा हुने तेस्रो भोटेकोशी कप २०८० प्रतियोगिता संचालनको लागि आ.ब. २०८०/०८१ को विषयगत यूवा तथा खेलकुद तर्फको क्र.स. २ खेलकुद प्रशिक्षण तथा विकास कार्यक्रम शिर्षकबाट रु २ लाख ६० हजार र क्र.स. ६ महिला भलिवल अध्यक्ष कप तथा माउन्टेन ट्रेल रेस शिर्षकबाट ९० हजार गरी कुल रु ३ लाख ५० हजार बजेट विनियोजन गर्ने निर्णय गरियो ।

१०. इलाका प्रहरी कार्यालय कोदारीले सवारी साधन मर्मत वापत पेश गरेको विल बमोजिमको रकम रु ६० हजार भुक्तानी दिने निर्णय गरियो ।

११. यस भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वडाकार्यालय र मातहतका कार्यालयहरुमा सेवा करारमा कार्यरत सवै कर्मचारीहरुको करार म्याद २०८० असोज मशान्तसम्म मात्र रहेको हुँदा पूनः सेवा करारको लागि मिति २०८० चैत्र मशान्तसम्म ६ महिना करार म्याद थप गर्ने निर्णय गरियो ।

पासाङ नुर्बु शेर्पा
अध्यक्ष

भोटेकोशी गाउँपालिका
फुलपिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

१२. वडा नं. २ को लालविर चोक आश्रयस्थलमा माटो भर्ने सम्बन्धी कार्यको लागि प्राविधिकको लगत स्टिमेट बमोजिमको रकम वन वातावरण तथा विपत व्यवस्थापनमा विनियोजित विपत व्यवस्थापन कोष शीर्षकबाट विनियोजन गरी भुक्तानी दिने निर्णय गरियो ।

१३. विविध सम्बन्धमा

- यस भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, वडा नं. ४ वडा कार्यालय र वडा नं. ५ वडा कार्यालयको रिक्त १/१ कार्यालय सहयोगी पदको पदपूर्तिको लागि ७ दिने सार्वजनिक सूचना प्रकाशन गरी सेवा करारमा नियुक्ति गर्ने निर्णय गरियो

(समाप्त)

पासाङ नुर्पु शेर्पा
अध्यक्ष